**१. कस्तो व्यक्तिलाई जेष्ठ नागरिक भनिन्छ ?**

❖ ६० (साठी) वर्ष उमेर पूरा भएका नागरिकलाई जेष्ठ नागरिक भनिन्छ ।

**२. जेष्ठ नागरिकलाई कसरी वर्गीकरण गरिएको छ ?**

❖ भत्ता वा सुविधा उपलब्ध गराउने प्रयोजनका लागि देहायका आधारमा जेष्ठ नागरिक, असहाय जेष्ठ नागरिक र अशक्त जेष्ठ नागरिक भनी वर्गीकरण गरिएको छ ।
- साठी वर्ष उमेर पूरा गरेको जेष्ठ नागरिक,
- सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ जेष्ठ नागरिक,
- असहाय जेष्ठ नागरिक,
- अशक्त जेष्ठ नागरिक,
- एकल जेष्ठ नागरिक (विदुर, विधवा)

**३. असहाय जेष्ठ नागरिक भन्नाले कसलाई बुझाउँछ ?**

❖ जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको र भएपनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेको जेष्ठ नागरिकलाई असहाय जेष्ठ नागरिक भन्ने बुझाउँछ ।

**४. अशक्त जेष्ठ नागरिक कस्तो व्यक्तिलाई भनिन्छ ?**

❖ शारीरिक वा मानसिक रूपले असक्षम रहेको जेष्ठ नागरिकलाई अशक्त जेष्ठ नागरिक भनिन्छ ।

**५. हेरचाह केन्द्र भन्नाले के बुझिन्छ ?**

❖ जेष्ठ नागरिकलाई शुल्क लिई वा नलिई पालन पोषण वा हेरचाह गर्नको लागि स्थापना भएको घर, आश्रय वा यस्तै प्रकारको संरचनालाई हेरचाह केन्द्र भनिन्छ ।

**६. दिवा सेवा केन्द्र भन्नाले के बुझिन्छ ?**

❖ दिवा सेवा केन्द्र भन्नाले जेष्ठ नागरिकलाई शुल्क लिई वा नलिई दिउँसोको समयमा हेरचाह गर्नको लागि स्थापना तथा सञ्चालन भएको घर, आश्रय वा यस्तै प्रकारको ठाउँ भन्ने बुझाउँछ ।

**७. जेष्ठ नागरिक क्लब भन्नाले केलाई जनाउँछ ?**

❖ कम्तीमा पाँचजना जेष्ठ नागरिक सदस्य हुने गरी प्रचलित कानूनबमोजिम स्थापना भएको क्लबलाई जेष्ठ नागरिक क्लब भनिन्छ । त्यस्तो क्लब सञ्चालनका लागि स्थानीय निकायबाट सञ्चालन रकम पनि प्राप्त गर्न सकिन्छ ।



**८. जेष्ठ नागरिकको परिचयपत्र कहाँबाट पाइन्छ ?**

❖ जेष्ठ नागरिक परिचय पत्र जेष्ठ नागरिकको बसोबास रहेको गाउँपालिका वा नगरपालिकाले उपलब्ध गराउँदछ ।

**९. संविधानले जेष्ठ नागरिकको के कस्ता हक अधिकार सुनिश्चित गरेको छ ?**

❖ जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुन्छ ।

❖ जेष्ठ नागरिक अरूसरह कानूनको दृष्टिमा समान हुन्छन् ।

❖ कानूनको समान संरक्षणबाट जेष्ठ नागरिकलाई बञ्चित गर्न मिल्दैन ।

❖ जेष्ठ नागरिकलाई सामान्य कानूनको प्रयोगमा कुनै पनि आधारमा भेदभाव गरिने छैन ।

❖ जेष्ठ नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिन्छ ।

**१०. जेष्ठ नागरिकलाई कानूनले के कस्ता अधिकार प्रदान गरेको छ ?**

❖ परिवारबाट बसोबास, हेरचाह, पालन पोषण, औषधी उपचार पाउने अधिकार छ ।

❖ समाजबाट समुचित सम्मान पाउने अधिकार छ ।

❖ राज्यका विभिन्न सार्वजनिक, सरकारी सेवाका निकायबाट पाउने सेवामा छुट तथा प्राथमिकता र विशेष संरक्षण पाउने अधिकार छ ।

❖ जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकार छ ।

❖ दलित र एकल महिला जेष्ठ नागरिकले साठी वर्ष उमेर पूरा गरेपछि र अन्य जेष्ठ नागरिकले सत्तरी वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ता पाउँछन्।

❖ खास क्षेत्र वा तोकिएको क्षेत्रमा बसोबास गर्ने जेष्ठ नागरिकले तोकिएको उमेर नपुगे पनि जेष्ठ नागरिक भत्ता पाउँछन् ।

**११. जेष्ठ नागरिकको पालन पोषण तथा हेरचाह सम्बन्धमा को, कसको, कस्तो दायित्व हुन्छ ?**

❖ जेष्ठ नागरिकलाई आफ्नो हैसियत तथा इज्जतअनुसार पालन पोषण तथा हेरचाह गर्नु परिवारका प्रत्येक सदस्यको कर्तव्य हुन्छ ।

❖ जेष्ठ नागरिकले आफ्नो अंश लिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले रोजेको परिवारको सदस्यले साथमा राखी पालन पोषण गर्नु पर्दछ ।

- ❖ जेष्ठ नागरिकको इच्छा विरूद्ध परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउन मिल्दैन ।
- ❖ जेष्ठ नागरिकको वा निजलाई पालन पोषण गर्ने परिवारको सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले पालन पोषण तथा हेरचाहको व्यवस्था गर्नु पर्नेछ ।
- ❖ परिवारको कुनै सदस्य, नातेदार वा हकवालाले जेष्ठ नागरिकको चल अचल सम्पत्ति प्रयोग वा उपयोग गरेको अवस्था रहेछ भने निजले नै पालन पोषण वा हेरचाह गर्नु पर्दछ ।

## १२. जेष्ठ नागरिकको पालन पोषण वा हेरचाह नगरेमा कहाँ उजुरी दिन सकिन्छ ?

- ❖ हेरचाह गर्नु पर्ने व्यक्तिले पालन पोषण वा हेरचाह नगरेको अवस्थामा जेष्ठ नागरिकले सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्षसमक्ष उजुरी दिन सक्ने छन् ।
- ❖ जेष्ठ नागरिकले दिएको उजुरी वा निवेदनको टुंगो तीस दिनभित्र लगाउनु पर्नेछ ।

## १३. जेष्ठ नागरिकले उजुरी दिएमा स्थानीय निकायले के कस्तो उपचार प्रदान गर्दछन् ?

- ❖ जेष्ठ नागरिकले उजुरी दिएपछि वडा अध्यक्षले उजुरीउपर जाँचबुझ गरी पालन पोषण तथा हेरचाह गर्नुपर्ने सदस्य, नातेदार वा हकवालालाई मेलमिलाप गराउँछन् ।
- ❖ मेलमिलाप हुन नसकेमा पालनपोषण गर्न लिखित आदेश दिन सक्छन् ।
- ❖ त्यस्तो आदेशको पालना नगरेमा आदेश पालना नगर्ने व्यक्तिका सम्बन्धमा स्थानीय निकायले गर्नु पर्ने कुनै पनि सिफारिस नगर्न वा त्यस्ता व्यक्तिका जुनसुकै काम रोक्न सक्नेछ ।
- ❖ वडा अध्यक्षले दिएको आदेशमा चित्त नबुझ्ने पक्षले सो आदेश प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित गाउँपालिकाको अध्यक्ष, नगरपालिकाको प्रमुखसमक्ष निवेदन दिन सक्ने छन् ।

## १४. जेष्ठ नागरिकले कस्तो सम्पत्ति आफूखुसी गर्न पाउँछन् ?

- ❖ प्रचलित कानूनबमोजिम अंशवन्डा गरिरहनु नपर्ने र आफ्नो अंश भागको चल अचल र सोबाट बढे बढाएको सम्पत्ति जेष्ठ नागरिकले आफूखुसी गर्न पाउँछन् ।



## १५. जेष्ठ नागरिकलाई के कस्तो छुट र सुविधा दिने व्यवस्था रहेको छ?

- ❖ नेपाल सरकारले तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारीधनी वा सञ्चालकले जेष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सीट सुरक्षित राख्नु पर्ने र निजलाई यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनुपर्ने ।
- ❖ स्वास्थ्य सेवा प्रदान गर्ने प्रत्येक संस्थाले जेष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने ।
- ❖ नेपाल सरकारले तोकेको स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले नेपाल सरकारले तोकेको संख्यामा जेष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्ने ।
- ❖ खानेपानी, बिजुली, टेलिफोनलगायत सार्वजनिक सेवा प्रदान गर्ने अन्य संस्थाले सेवा प्रदान गर्दा जेष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्ने।
- ❖ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जेष्ठ नागरिकलाई समय समयमा अन्य छुट र सुविधा दिन सक्ने ।

## १६. जेष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन वा सन्यासी बनाउन नहुने सम्बन्धी कानूनी व्यवस्था के छ ?

- ❖ कसैले पनि जेष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन हुँदैन ।
- ❖ जेष्ठ नागरिकलाई निजको इच्छाविपरित सन्यासी, भिक्षु वा फकिर बनाउनु हुँदैन।
- ❖ जेष्ठ नागरिकलाई निजको इच्छाविपरित सन्यासी, भिक्षु वा फकिर बनाएकोमा बदर गराउन सकिन्छ ।

## १७. जेष्ठ नागरिक विरुद्ध गरिएका कसूरमा के कस्तो दण्ड सजाय हुन्छ ?

- ❖ हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रका प्रमुख, सञ्चालक, कर्मचारी वा अन्य कुनै व्यक्तिले जेष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै काम गरेमा निजलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बिगोबमोजिम जरिवाना वा दुवै सजाय हुन्छ।
- ❖ जेष्ठ नागरिकलाई भिक्षा माग्न लगाएमा तीन महिनासम्म कैद वा पच्चिस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- ❖ जेष्ठ नागरिकलाई निजको इच्छाविपरित सन्यासी, भिक्षु वा फकिर बनाएमा त्यस्तो व्यक्तिलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- ❖ प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले अशक्त जेष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको जेष्ठ नागरिक विरूद्ध प्रचलित कानूनबमोजिम कसूर मानिने कुनै कार्य गरेमा निजलाई प्रचलित कानूनमा व्यवस्था भएको सजायमा पच्चिस प्रतिशत थप सजाय हुन्छ ।

## १८. जेष्ठ नागरिक संलग्न मुद्दामा के कस्तो प्राथमिकता दिइन्छ र कसरी प्रतिनिधित्व हुन्छ ?

- ❖ जेष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दालाई अदालतले प्राथमिकता दिई कारबाही र किनारा गर्नुपर्ने ।
- ❖ कुनै असहाय वा अशक्त जेष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दाको सुनुवाइ गर्दा अदालतले निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी राखेर मात्र गर्नुपर्ने ।
- ❖ कुनै जेष्ठ नागरिकले आफ्नो आर्थिक अवस्था कमजोर भएकोले मुद्दाको प्रतिरक्षा गर्न कानून व्यवसायी नियुक्त गर्न नसक्ने भनी अदालतसमक्ष निवेदन दिएमा सम्बन्धित अदालतले निजको लागि वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइदिनु पर्ने ।
- ❖ जेष्ठ नागरिकसँग सम्बन्धित जुनसुकै कामको प्राथमिकता दिई सम्पादन गरिदिनु पर्नेछ ।

## १९. जेष्ठ नागरिकलाई लागेको कैद छुटको सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ ?

- ❖ पैंसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेका जेष्ठ नागरिकलाई पच्चिस प्रतिशतसम्म,
- ❖ सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेका जेष्ठ नागरिकलाई पचास प्रतिशतसम्म,
- ❖ पचहत्तर वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म,
- ❖ कैद सजाय पाएको जेष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको जेष्ठ नागरिकलाई अदालतले कसूरको गाम्भीर्यता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न आदेश दिन सक्ने,

## २०. जेष्ठ नागरिक विरुद्धको कसूर अपराधका सम्बन्धमा मुद्दा हेर्ने निकाय कुन हो ?

- ❖ जेष्ठ नागरिक विरूद्धको कसूर-अपराधसम्बन्धी मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुन्छ ।
- ❖ जेष्ठ नागरिक विरूद्धको कसूर-अपराधबारेको उजुरी-सूचना नजिकको प्रहरी कार्यालयमा दिनुपर्छ ।

## २१. पीडित जेष्ठ नागरिक स्वयंले मुद्दा दायर गर्नुपर्छ वा पर्दैन ?

- ❖ जेष्ठ नागरिकसम्बन्धी कसूरको मुद्दा नेपाल सरकार वादी भई चल्ने व्यवस्था भएकोले उजुरी दिएपछि नेपाल सरकारले नै अनुसन्धान गरी जिल्ला अदालतमा मुद्दा दायर गर्दछ ।
- ❖ पीडित पक्ष आफैँले मुद्दा दायर गर्नु पर्दैन नजिकको प्रहरी कार्यालयमा सूचना दिए पुग्छ ।



## २२. जेष्ठ नागरिकले निःशुल्क कानूनी सहायता प्राप्त गर्न सक्छन् कि सक्दैनन् ?

❖ सम्बन्धित जिल्ला कानूनी सहायता समितिमा वा सम्बन्धित अदालतमा सम्पर्क गरी वैतनिक कानून व्यवसायीबाट निःशुल्क कानूनी सहायता प्राप्त गर्न सकिन्छ ।

## २३. के कस्ता जेष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राखिन्छ ?

- ❖ सरकारले वा कुनै व्यक्ति वा संस्थाले जेष्ठ नागरिकका लागि हेरचाह केन्द्र तथा दिवा सेवा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्दछन ।
- ❖ यस्तो सेवा केन्द्रमा जेष्ठ नागरिक, अशक्त जेष्ठ नागरिक, असहाय जेष्ठ नागरिकलाई राख्न सकिन्छ ।
- ❖ अदालतबाट कैद सजाय पाउने ठहरी अदालतले आदेश दिएको जेष्ठ नागरिक वा ७५ वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राखिनेछ ।

## २४. जेष्ठ नागरिकका हक अधिकारका सम्बन्धमा अदालतले के कस्तो आदेश जारी गरेको छ ?

- ❖ जेष्ठ नागरिकको हकमा अदालत सदैव सकारात्मक रहेको छ ।
- ❖ नरध्वज गुरूङले दिएको ०७४-WH-००२९ नं. को रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०७४।८।२९ मा निवेदकलाई जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ तथा कारागार नियमावली, २०२० को नियम २९ (२क) समेतका प्रचलित नेपाल कानूनबमोजिम के कति सुविधा दिने हो भन्ने सम्बन्धमा अविलम्ब निर्णय गरी कानूनबमोजिम निजले पाउने कैद छुट सुविधा दिनु, दिलाउनु भनी परमादेश जारी भएको छ ।
- ❖ पेम्बा गुरूङले दिएको ०७५-WO-००५० नं. को रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०७५।१०।१० मा निम्नअनुसार निर्देशानात्मक आदेश जारी भएको छ ।
  - जेष्ठ नागरिकलाई सजायमा हुने छुट तोक्ने अधिकारी किटान गर्नू,
  - सजायमा हुने छुटको प्रतिशत निर्धारण गर्ने आधार तोक्न नियम वा कार्यविधि बनाई लागू गर्नू,
  - जिल्ला अदालतहरूले कारागारको निरीक्षण गरी थुनामा रहेका जेष्ठ नागरिकलाई ऐनले दिएको सजाय छुटको व्यवस्था लागू गर्नू ।

## २५. जेष्ठ नागरिकको हक, हित र सरोकारसँग सम्बन्धित मुख्य निकायहरू कुन कुन हुन् र के के काम गर्दछन् ?

- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयः-
  - ❖ नीति, योजना तथा कार्यक्रम बनाउने
- समाज कल्याण मन्त्रीको अध्यक्षतामा रहने केन्द्रीय जेष्ठ नागरिक कल्याण समितिः-
  - ❖ जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षाका लागि नीति, योजना र कार्यक्रम तयार गरी नेपाल सरकारसमक्ष पेस गर्ने,

- ❖ नेपाल सरकारबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन र अनुगमन गर्ने,
- ❖ जिल्ला जेष्ठ नागरिक कल्याण समितिसँग समन्वय गर्ने आदि कार्य गर्दछ।

- जिल्ला समन्वय समितिको सभापतिको अध्यक्षतामा रहने जिल्ला जेष्ठ नागरिक कल्याण समिति:-
  - ❖ जिल्लाभित्रका जेष्ठ नागरिकको लगत संकलन गरी अभिलेख राख्ने,
  - ❖ जिल्लाभित्र आवश्यक पर्ने योजना तथा कार्यक्रम तयार गरी केन्द्रीय समितिमा पठाउने,
  - ❖ जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षाका लागि स्वीकृत जिल्ला स्तरीय योजना तथा कार्यक्रमको कार्यान्वयन र अनुगमन गर्ने जस्ता कार्य गर्दछ ।
- स्थानीय तहका सम्बन्धित वडा कार्यालय, न्यायिक समिति:-
  - ❖ जेष्ठ नागरिकलाई पालन पोषण वा हेरचाह नगरेको भन्ने उजुरी परेमा छलफल, मेलमिलाप गराउने तथा आवश्यक कारबाही गर्ने कार्य गर्दछ ।
- सम्बन्धित जिल्ला अदालत:-
  - ❖ जेष्ठ नागरिक पक्ष भएका मुद्दामा निजको प्रतिरक्षा गर्न कानून व्यवसायी राखिदिने,
  - ❖ आर्थिक अवस्था कमजोर भएका जेष्ठ नागरिकका लागि वैतनिक कानून व्यवसायीबाट सेवा उपलब्ध गराई दिने,
  - ❖ जेष्ठ नागरिक पक्ष भएका मुद्दा मामिलामा प्राथमिकता दिई कारवाही र किनारा गर्ने,

### २६. जेष्ठ नागरिकका हक अधिकारसँग सम्बन्धित कानूनहरू कुन कुन हुन् ?

- ❖ नेपालको संविधान
- ❖ जेष्ठ नागरिक ऐन, २०६३
- ❖ मुलुकी देवानी संहिता, २०७४
- ❖ मुलुकी अपराध संहिता, २०७४
- ❖ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- ❖ कारागार ऐन, २०१९
- ❖ जेष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५
- ❖ सामाजिक सुरक्षा ऐन, २०७५ ।

## सम्पर्क ठेगाना:


**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२९
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np


# जेष्ठ नागरिकको अधिकार एवं न्यायिक उपचारसम्बन्धी जानकारी पुस्तिका



## सर्वोच्च अदालत


न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं
२०७६